RNI No.: 21918/71

# गोरखाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 50 अंक - 4 जून 2021 मासिक पत्रिका मूल्य 9/- पृष्ठ 12



# कैबिनेट मंत्री मा०गणेश जोशीज्यू संग शिष्टाचार भेंटवार्ता



## अमर शहीद मेजर दुर्गा मल्लज्यू लाई 108 औं जन्म जयंति मा शत् शत् नमन




## अध्यक्षज्यू द्वारा जरूरतमंद हरूलाई भोजन वितरण




## अध्यक्षज्यू को सम्मान


IRGCCF

COVID-19
HERO AWARD
2021

PRESENT TO HON'BLE
Shree Padam Singh Thapa
PRESIDENT OF GORKALI SUDHAR SABHA, DEHRADUN
IN RECOGNITION OF PIONEER CONTRIBUTION IN
THE FIELD OF HUMANITARIAN WORK AND SUPPORT DURING
THE COVID- 19 PANDEMIC.
WE WANT TO CONGRATULATE HIM
ON HIS DARING ACTION TO SERVE THE PEOPLE
PRACTICALLY AT GROUND ZERO DESERVES
THE CERTIFICATE OF COMMITMENT.

CONGRATULATIONS BELOVED LEADER
HON'BLE SHREE PADAM SINGH THAPA.

MAY YOU BE BLESSED WITH GOOD HEALTH,
MAY YOU BE BLESSED WITH MORE STRENGTH
AND COURAGE TO SERVE THE PEOPLE
WHOLEHEARTEDLY AS YOU BEING SERVING

SIGNATURE

INDIAN ROYAL GORKHA CULINARY CHEF FEDERATION • INDIA

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

17 अप्रैल 1938
गोर्खाली सुधार सभा
देहरादून
वर्ष –50, जून 2021

सम्पादक
कर्नल(अ.प्रा.) जीवन कुमार क्षेत्री

विशेष सहयोग
श्रीमती प्रभा भााह

स्वामी / मुद्रक / प्रकाशक
अध्यक्ष
गोर्खाली सुधार सभा

मुख्य कार्यालय
गोर्खाली सुधार सभा मेजर
धनसिंह थापा परमवीर चक्र
मार्ग, गढ़ी कैन्ट,
देहरादून फोनः 0135–2756070
9897440879

वितरक
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा

प्रकाशन कार्यालय
वाणी प्रिंटिग प्रेस, धोसी गली
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूकोलागि
सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन।
समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

''जे गर जसो गर, जता सुकै लैजाउ मलाई, यो मन त मेरो गोर्खाली हो'' यो सत्य हो , यसले हाम्रो साधारणपन दर्शाउँछ, एउटा खुशी आन्नद सित रहने जाती दर्शाउँछ, जे पाए त्यसैमा खुशी रहने समुदायको सोझोपन दर्शाउँछ। यो हाम्रो सकारात्मक परिचय हो तर यो कमजोरी कतै होइन। तर यस हाम्रो सोझोपनको मजाक र फायदा प्रायः सबैले नै उठाउदँ छन्। हाम्रो माँग हाम्रो स्थिती के देशको नेतृत्व लाई नजर आँउदैन। हामी न त आवाजमा विश्वास गर्दौं न त आन्दोलनमा। हाम्रो समुदायको योगदानको केहि मुल्याकंन छैन। हाम्रो त्याग बलिदानके महत्वहीन थियो? शासककाले बुझ्नु पर्छ। सोझो भनेर मनमानी गर्नु कहाँ सम्मको न्याय संगत छ, हामीले बुझ्नु पर्छ। पश्चिम बंगालको मनमानीले, गोर्खालीलाई आन्दोलनको भुॅंवरीमा नहालेको होइन, हामी आफै मर्‍यौं (80 को दशकको आन्दोलन) तर सरकारी, सुरक्षा, कर्मचारी सरकारी सम्पत्ति तथा सम्पदामा क्षति कतै पुर्‍याएने, के यो हाम्रो राष्ट्रियता तथा राष्ट्र प्रतिको सम्मान होइन। हामी रूने समुदाय होइन्, साथै नाराबाजीमा विश्वास नराख्ने समुदाय हौ। हाम्रो मौनता नै हाम्रो विरोध हो, शासक वर्गले बुझ्नु पर्छ। धेरै पटक यो समुदाय अपमानित भएको छौ। कहिले विदेशी भनेर त कहिले घुसपेटी भनेर। 2017 मा ममता सरकारले, (प.ब.) भाषा विषयमा गोर्खालीलाई मिच्नु खोजे कै थियो। भर्खरै आकाशवाणी बाट नेपाली भाषामा प्रसारित हुने समाचार (चाहे क्षेत्रिय नै किन नहोस्) अचानक बन्द गर्नु, प्रत्यक्ष रूपमा नै हाम्रो आवाजलाई सिमित राख्ने चेष्टा त होइन, हामी सबैले बुझ्नु पर्छ। यहि उत्तराखण्डमा पनि त हामी हामी अवहेलित नै छौं भन्नुमा केहि गल्ती नहोला। भखॅरै भएको केन्द्रीय सरकारको मंत्री मण्डलमा व्यापक फेर बदल भयो। के यसमा हाम्रो गोर्खा सांसद (पश्चिम बंगाल कै बात गर्‍यौ भने पनि) सक्षम थिएनन् या छैनन्। उत्तर बंगालमा मुख्य मुददा नै गोर्खाहरूको हुन जसमा पहाड़ देखि लिएर तराईको चिया बगान श्रमिक, आदिको मुद्दा सामिल हुतर के यो मुद्धलाई जान्ने बुझ्ने केही गोर्खा सांसद नहोलान्। यस फेर बदलमा केहि सोंच गोर्खा प्रति सकारात्मक रहेको भएका साथ सबका विकास मंत्र फक्ने यो सरकारले अवश्यै गोर्खा हितमा सोंच्ने थियो होला। जब शासक वर्गलेके शोषित वर्गको आवश्यकता चेख्दैन भने एक दिन त्यो मेटिन्छ अनि मासिन्छ। बुझौं हामी शोषित हौं अनि कहिले सम्म शोषित रहने ।।

## अध्यक्षको कलमबाट


श्री पदम सिंह थापा

"च्याँ देखि चिहान सम्म
आफ्नै जाती आफ्नै परिवार"

यो सत्य हो, जन्म देखि मृत्यु सम्म हामीलाई चाहिने र हामीलाई पाउने आफ्नै परिवार,आफ्नै जाती, आफ्नै समुदाय। जाती र समुदायको अस्तित्व नै समुदायको हरेक सदस्यको अस्तित्व हो। समयको साथ–साथ सामाजिक, पढाई, शिक्षा, आर्थिक, आदिमा बदलाव आउन स्वभाविक हो जसको कारण हाम्रो सोंच, बिचारमा पनि बदलाव आँउछ। यसै परिवर्तनको कारण हाम्रो अस्तित्व माथि प्रत्यक्ष प्रभाव परि सकेको छ। त्यसै कारण, 2011 को जनगणना अनुसार हामी नेपाली भाषी भारतीय गोर्खाको संख्या यहाँ देहरादुनमा "शुन्य" हुने थिएन। यो अति चिन्ताको कुरो हो। हाम्रो आमा, उवजीमत भए पनि, माता भए पनि, माँ भए पनि उनको पसिना र रगतको सुगन्ध आमाकै रहनेछ, अनि बोली पनि आमाकै रहन्छ, त्यसरीनै हाम्रो आफ्नै मातृभाषा। हाम्रो सभा सय बर्षको अन्तिम दुई दशकमा पाइला टेकी सकेको छ। यदि हाम्रो सोंच यस्तै रहे, सायद 2038 सम्म, जब हाम्रो सभा 100 पुग्छ, हामी गोर्खालीको  अस्तित्व सित जोडिएको यो सभाको शताब्दी दिवस के यो एक जातीको रुपमा मनाउन क्षमी सक्षम रहौंला! जागरूक बनौं, जागरूक ल्याँयौ। हामी को हुँ, हाम्रो बोली कुन हो, कुनै भ्रममा नपरौं। हामी गोर्खाली हाम्रो बोली नेपाली।

धन्यवाद!

## महामंत्रीको कलमबाट


श्री गोपाल क्षेत्री ज्यू

कोरोना ले घरि घरि सताई रहेको झण्डै ढेड़ वर्ष भयो, अंझै पनि विश्व आशँकामा छ, अघाड़ि अंझै के हुने हो! जे भए पनि, म कृतज्ञता जताउँछु, समुदायको हरेक सदस्य प्रति साथै शाखा अध्यक्षहरू प्रति जसले सभाको काममा केहि रोक लाग्न दिएनन। जरूरतको कामहरू, लकडाउनको समयमा पनि पुरा गर्न सक्यौं। यहि हाम्रो कामको परिणाम, साथै संवैधानिक आधारमा, यस कार्यकारिणी को अवधि समाप्त भए पनि यस कार्यकारिणीले दुइ वर्ष (एक एक वर्ष गरेर) को थप अवधि पायो। जो सम्भव भयो, तपाँईहरूको विश्वास यस कार्यकारिणी माथि छ यसै कारण तपाँईहरूके दिनु भएको जिम्मेदारी अझै एक वर्ष निभाउनु छ, जसको निम्ति तपाँईहरूको सलंग्नता, सहयोग अनि साथ अवश्यै पाउने छौं भन्ने आशा छ। हामी एकमत भए, साथ पाए, समाजको विकास अवश्यै हुने छ। गत चार वर्षको कार्यकाल को उपलब्धिहरूलाई अझै अघि बडाऔ अनि पाएको यो एक वर्षको कार्यकालमा जति भइ सक्छ हामो साथले, एकता ले एकमत भए अवश्यै हामी सुद्धड़बन्त सम्नेछो।

धन्यवाद!

# अंतरंग सभा 30 जून 2021 गोरखाली सुधार सभा

1. गत् महिनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेक्शॉ सभागारमा दिनांक 30 जून 2021 बिहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापा ज्यूको अध्यक्षतामा सम्पन्न भयो। अंतरंग सभाको विवरणहरू यस प्रकारले छः–

क) **स्वागत सम्बोधन** – महामंत्री श्री गोपाल क्षेत्री ज्यूले अंतरंग सभामा उपस्थित शाखाध्यक्ष, कार्यकारिणी पूर्वअध्यक्ष महानुभावहरूको अभिनन्दन गर्नु भयो।

ख) **दिवंगतहरू प्रति श्रद्धांजली** – विगत माहमा दिवंगत हुनु भयेको सदस्यहरूको आत्मा शांति तथा दुखित परिवारले आफन्तको क्षति सहने शक्ति पाओन भनि 2 मिनटको मौन शांति प्रार्थना भयो। दिवंगत सदस्यहरूको सुचीः–

**गढ़ी–डाकरा शाखा**

| | | |
|---|---|---|
| i) | श्री जे.बी. राई | 03/05/2021 |
| ii) | श्री विजय गुरूंग | 10/05/2021 |
| iii) | श्री अशोक श्रेष्ठा | – |
| iv) | श्रीमती द्रोपदी क्षेत्री | 03/05/2021 |
| v) | श्रीमती मीनाक्षी खत्री | 12/05/2021 |
| vi) | श्री पी.बी. राई | 15/05/2021 |
| vii) | श्री धीरज रावल | 22/05/2021 |
| viii) | श्री चेतन कार्की | 16/05/2021 |

**रायवाला शाखा**

| | | |
|---|---|---|
| i) | श्रीमती शशी देवी | 07/05/2021 |

**नवादा शाखा**

| | | |
|---|---|---|
| i) | श्री हरि प्रसाद थापा | 22/05/2021 |
| ii) | श्री मोहन सिंह गुरूंग | 09/04/2021 |
| iii) | श्रीमती माया थापा | 28/04/2021 |
| iv) | श्री तुषार थापा | 02/05/2021 |
| v) | श्री मोहित थापा | 14/04/2021 |
| vi) | श्रीमती बिमला थापा | 01/05/2021 |
| vii) | श्रीमती बीना शाही | 05/05/2021 |
| viii) | श्रीमती शकुन्तला थापा | 03/05/2021 |
| ix) | श्री भीम बहादुर थापा | 19/05/2021 |
| x) | श्रीमती बिमला मल्ल | 24/05/2021 |
| xi) | श्री मन बहादुर थापा | 14/05/2021 |
| xii) | श्रीमती शकुन्तला देवी | 23/05/2021 |
| xiii) | श्री रमेश थापा | 27/05/2021 |
| xiv) | श्रीमती नन्दादेवी गुरूंग | 15/05/2021 |
| xv) | श्री विकास राणा | 15/05/2021 |

**कारबारी शाखा**

| | | |
|---|---|---|
| i) | श्री धनश्याम सिंह ठकुरी | 01/05/2021 |

**चन्द्रबनी शाखा**

i) श्रीमती नीशिका क्षेत्री
ii) श्री श्याम दर्शन
iii) श्रीमती उषा बिष्ठ
iv) श्री मनु भण्डारी

**छिद्दरवाला शाखा**

i) श्री राम सिंह थापा

**जैंतनवाला शाखा**

i) श्री ईश्वर सिंह गुरूंग

**भारूवाला शाखा**

i) श्रीमती पूनम गुरूंग

**रामगढ शाखा**

i) श्री कृष्ण बहादुर गुरूंग

**अनारवाला शाखा**

i) श्री विरेन्द्र सिंह गुरूंग

**पुरोहितवाला शाखा**

| | | |
|---|---|---|
| i) | श्रीमती दीपा थापा | 30/04/2021 |
| ii) | श्री लाल बहादुर सेन | 14/04/2021 |
| iii) | श्रीमती लक्ष्मी राई | 02/04/2021 |
| iv) | श्री पदम बहादुर क्षेत्री | 20/04/2021 |
| v) | श्रीमती नेहा राई | 16/04/2021 |
| vi) | श्री अमर सिंह घले | 24/04/2021 |

**पंडितवाडी शाखा**

i) श्रीमती गीता थापा
ii) श्री सुरेन्द्र थापा
iii) कमाडेट.बी.एस. थापा (अ.प्रा.)
iv) श्रीमती पूजा थापा
v) श्रीमती वेजंती थापा
vi) मेजर पी.बी गुरूंग(अ.प्रा.)
vii) श्रीमती शोभा क्षेत्री
viii) श्रीमती माया थापा
ix) श्री मधु थापा

**सेलाकुई शाखा**

| | | |
|---|---|---|
| i) | श्री सुमन बहादुर गुरूंग | – |
| ii) | श्री मन बहादुर गुरूंग | 26/04/2021 |
| iii) | श्रीमती सरिता तमांग | 29/04/2021 |
| iv) | श्रीमती शकुन्ता थापा | 03/05/2021 |
| v) | श्रीमती उषा क्षेत्री | 26/05/2021 |
| vi) | श्री लोक बहादुर थापा | 22/05/2021 |
| vii) | श्रीमती अशोक थापा | 06/06/2021 |

**सेवली शाखा**

i) श्री केशर बहादुर गुरूंग
ii) श्री अमित गुरूंग
iii) श्रीमती उमा थापा

**कलेमेन्टटाऊन शाखा**

| | | |
|---|---|---|
| i) | श्री धन बहादुर थापा | 21/04/2021 |
| ii) | श्री रनेन्द राना | 08/05/2021 |

**नया गांव शाखा**

i) श्री माया प्रसाद गुरूंग
ii) श्री देव बहादुर गुरूंग
iii) श्री शिव प्रसाद गुरूंग
iv) श्री धमेन्द्र थापा
v) श्री ओम बहादुर राना

**ठाकुरपुर शाखा**

i) के. हरि सिंह गुरूंग
ii) श्री झब्बर सिंह गुरूंग
iii) श्री गोपाल तमंग

iv) श्री उत्तम सिंह राई
v) श्री कल बहादुर ठकुरी
vi) श्री विशन बहादुर क्षेत्री
vii) श्री राम बहादुर क्षेत्री
viii) श्री तिलक क्षेत्री
ix) श्रीमती निशा पाण्डे
x) श्रीमती आशा गुरूंग
xi) श्री सुरेन्द्र थापा
xii) कमाडेन्ट बी.एस.थापा
xiii) श्रीमती मधु थापा
xiv) श्री राजेशन थापा
xv) श्री ललित खड़का

**नेहरूग्राम शाखा**

i) श्रीमती पुर्णिमा थापा
ii) श्री टेक बहादुर गुरूंग

**ग) अंतरंग सभाका एजेण्डाहरू :–**

वार्षिक अधिवेशनमा पारित गर्नु निम्ती वर्ष भरिका अंतरंग सभाका सम्पुष्टि भयेका प्रस्तावहरू :–

i) आय–व्ययको ब्योरा
ii) अघिलो वर्ष निम्ती अनुमानित वजट
iii) वार्षिक कार्यवाही विवरण रिर्पोट
iv) वार्षिक अधिवेशनमा वक्ताहरूको नाँउ
v) वार्षिक अधिवेशनमा खर्चा स्वीकृति
vi) स्थापना दिवसको असल खर्चाको व्योरा
vii) भानु जयंति कार्यक्रम कविता पाठन प्रतियोगिता तथा अन्य प्रतिभाग विषय र खर्चा स्वीकृति।
viii) 15 अगस्त 2021 स्वतंत्रता दिवस कार्यक्रम र खर्चाको स्वीकृति
ix) शाखाको ए.जी.एम. / छात्रवृति विवरण
x) चुनाव बारे छलफल
xi) सभामा खाना पकाउने एरिया लाई लोहाको जाली बाडने बारे छलफल
xii) पत्रिकाको छपाई बारे छलफल
xiii) उपनिबन्धक कार्यालयमा संस्था नवीनीकरण बारे छलफल
xiv) किरायेदारको किरायानामा तथा किराया बारे छलफल
xv) बैंक किराया एग्रीमेन्ट बारे छलफल

घ) **पूर्व माहमा अंतरंग सभाको विवरण तथा सम्पुष्टि** :– अप्रैल 2021 माहको विवरण महामंत्री क्षेत्री ज्यूले प्रस्तुत गर्नु भयो तथा आजको अंतरंग सभाले सम्पुष्टि दियो। महामंत्री ज्यूले सबैको आभार व्यक्त गर्नु भयो।

ड.) **आय–व्ययको विवरण तथा सम्पष्टि** :– कोषाध्यक्ष श्री प्रदीप क्षेत्री ज्यूले अप्रैल 2021 माहको ब्योरा अंतरंग सभा समक्ष प्रस्तुत गर्नु भयो तथा सभाले सम्पुष्टि दियो।

च) **सूचनाहरू** –

i) प्राईमरी शिक्षामा नेपाली भाषाको अध्ययन प्रारम्भ गर्नु निम्ती राज्य सरकार तथा माननीय मुख्यमंत्री ज्यूलाई पत्र पठायेको छ।

ii) जुलाई माहमा वार्षिक अधिवेशन तथा अगस्त माहमा चुनाव गर्नु निम्ती माननीय जिलाधिकारी तथा सिटी मजिस्ट्रेट लाई पत्र पठायेको छ।

iii) श्री चेतन कार्की ज्यूको आकस्मिक निधन को श्रद्धान्जली पत्र परिवारलाई पठायेको छ।

iv) विधायक निधी प्रदत्त निर्माण शीघ्र आवटन गर्नु निम्ती माननीय मंत्री श्री गणेश जोशी लाई पत्र पठायेको छ।

छ) **उपस्थित महानुभावहरूको सुझाव** – श्री बुद्ध बहादुर गुरूंग शाखाध्यक्ष शाखामा सदस्यहरूलाई हामीले चुनाव करे बझाउनु आवश्यक छ। तसर्थ हामी सबै छलफल गरौ।

**श्री पदम शाही शाखाध्यक्ष चन्द्रबनी** – चुनाव समितिले निर्देश दिये पछी मात्र चुनाव हुन सक्ने छ, हामीहरूले शाखामा बताउने हो।

**श्री धीरेन्द्र क्षेत्री शाखाध्यक्ष भारूवाला ग्रांट** – चुनाव सूचना बारे हामीले पत्रिकाहरूमा पनी छापेर सदस्यहरूलाई जानकारी दिने हो।

**श्री शंकर थापा, शाखाध्यक्ष गढ़ी कैन्ट** – पछिलो 83 वर्षमा सभा कार्यकाल वृद्धि निम्ती प्रयोजन भयेको छैन भने, अब 5 वर्षिय वृद्धि गर्नु कुनै औचित्य हुने छैन भनी सुझाव दिनु भयो। हनु सक्छ भने यो कार्यरिणीको तीन वर्ष बढ़ाउने।

**श्री ईश्वर प्रसाद रेग्मी, शाखाध्यक्ष इन्द्रानगर** – आउने वर्षमा राज्य विधान सभामा चुनाव भई रहेको छ, अवश्य नै हामी पनी चुनाव गर्नु सक्छम।

**के.आर.एस. थापा, सहयोजित सदस्य** – गोर्खाली सुधार सभा का सबै शाखाध्यक्ष तथा केन्द्रिय कार्यकारिणीले धेरै सराहनीय कार्य गरी रहेको छ, हालैमा केन्द्रिय अध्यक्षले सम्मान पायेकोमा सबै सभा सदस्यहरूलाई बधाई छ।

**श्री एल.बी. गुरूंग, अधिवक्ता कानूनी सलाहकार** – गोर्खाली सुधार सभा बहुत पुरानो रजिस्टर्ड संस्था हो तथा हामी सबै नियम अधिकारले बांधियेंका छौं, न्यायिक आधारमा पनी हामी जिलाधिकारी को अधिपत्यमा छौ। चुनाव प्रक्रिया बारे समिति गठन भयेको छ, वहाँहरूले नियम अनुरूप कार्य गरी रहेका छन्, शाखाध्यक्षहरूले आफ्नो शाखाको नामावली तैयार राख्नु होस, चुनाव समितिको निर्देश अनुसार तैयारी गर्नु होला।

**श्री मधु सूदन शर्मा, सचिव गो.सु.स.** – चुनाव प्रक्रियाको पहिलो चरण शाखाको चुनाव हो, तत् पश्चात् नया शाखा पदाधिकारी तथा प्रतिनिधीहरूले केन्द्रको चुनावमा चयन गर्ने हो।

**ब्रिगे.पी.एस. गुरूंग, पूर्व अध्यक्ष** – वर्तमान कार्यकारिणी ले सुचारू रूपले कार्य गरी रहेको छ। यस्तै प्रकारले अन्यहरूले पनी शाखा तथा केन्द्रमा सहयोग गरी रहनु होला।

**क.सी.बी. थापा, पूर्व अध्यक्ष** – चुनाव प्रक्रिया पूर्ण रूपले चुनाव समितिको दायित्व हो, अन्यहरूले कुनै निर्देश गर्नु सक्ने छइनन, रजिस्ट्रार कार्यालयले नियमावली अनुसार सभाका गतिविधिहरू जाँच गर्द छन। पूर्वमा शाखाको चुनाव पनी केन्द्रमा भयेको हो। चुनाव तिथी निश्चित हुनु सम्म शाखाहरूले आफ्नो नामावली प्रक्रिया पूर्ण गर्नु होस, सके सम्म निर्विरोध चुनाव भई दिये सबैलाई सुविधा हुने थियो।

गोर्खा मिलिट्री कालेज लीज प्रक्रिया चली रहेको छ, राज्य सरकारले पूर्ण सहयोग गरेको छ, भारत सरकारले सहयोग आश्वासन पनी पायेका छौ। वलभद्र खलंगा विकास समितिले वर्तमान मा राम्रो कार्य गरी रहेको छ, अघिलो माहमा समितिको चुनाव हुन्दै छ। सभाको वार्षिक अधिवेशन महामारीकालमा धेरै संख्याको बैठक सरकार द्वारा निषेध छ। जति संख्या होला कोरम पूरा समझेर बैठक हुने छ। चुनाव आम सहमतिले होस जसमा चुनाव निर्विरोध भये तीन वर्ष बढाया जायोस, सभाले सहमति दियो।

**अध्यक्ष महोदय को सम्बोधन** –

अध्यक्ष ज्यूले अंतरंग सभामा उपस्थित सबै महानुभावहरूको स्वागत गर्नु भयो। अंतरंग सभामा उठेका बुन्दाहरू अनि अंतरंग सभाका एजेण्डाहरू छलफल भयेर निस्तारण गर्‌यो। मुख्य रूपले जुलाई माहमा वार्षिक अधिवेशन हुने छ, कोरोना महामारी कालमा सामाजिक दुरी को पालन गर्दै एजीएम सूक्ष्म रूपले गरने तथा सबै विषयमा छलफल गर्ने हो सहमति भयो। शाखा तथा केन्द्रको चुनाव भनी हामीले चुनाव समिति जिलाधिकारी तथा सिटी मजिस्ट्रेट कार्यालयमा पत्र पूर्वमा पठायेको छौ। निर्विरोध चयन मा चुनाव हुन्छ भने राम्रो हो अन्यथा हामी सबैले सामाजिक दूरीको पालन को साथ चुनाव प्रक्रिया पूर्ण गर्ने हो। आगे अध्यक्ष ज्यूले निम्न बुन्दाहरू पनी संज्ञानमा ल्याउनु भयोः–

क)  अध्यक्षज्यूले IRCCF सलाहकार समितिलाई वहाँले दियेको सम्मान तथा 19 जुलाई 2021 सम्मान समारोहको निमंत्रण निम्ती धन्यवाद गर्नु भयो। सभा सदस्यहरूले पनी माननीय अध्यक्ष ज्यूलाई धेरै–धेरै शुभकामना दिनु भयो साथै भविष्यमा पनी यसै प्रकारले कार्य गर्दै रहने कामना व्यक्त गरे। माननीय अध्यक्ष ज्यूले सबैको धन्यवाद टक्राउनु भयो।

ख)  अध्यक्ष ज्यूले  27 जून 2021 गोर्खा मिलिट्री कालेजमा भयेको समारोहमा माननीय मंत्री श्री गणेश जोशी ज्यूलाई  सम्मान गरेको व्यवस्थाको लागी वहाँका अध्यक्ष श्री राम सिंह भापा ज्यू तथा कार्यकारिणी लाई बधाई छ अनि गोर्खा मिल्ट्री स्कूलको लीजको बारे श्री गणेश जोशी ज्यूले आसवश्त गर्नु भयो लीज अवश्य हुने छ।

अंतमा सबै उपस्थित महानुभावहरूलाई अंतरंग सभाका एजेण्डाहरूमा छलफल गरी सहमति तथा सोहार्दपूर्ण समपन्न गरेकोमा आभार व्यक्त गुर्न भयो। कोरोना महामारी कालको तिसरा चरण देखी हामी सबैले आफू साथै परिवारलाई बचाव निम्ती निर्देश हरू पालन गर्ने अनुरोध गर्नु भयो। पुनः आभार दिंदै अंतरंग सभाको समापन घोषणा गर्नु भयो।

# सयोग, सम्पर्क र सफलता

कुनै कार्य बिना प्रयोजन गरिंदैन। निष्प्रयोजनको कार्यले हानि लाभ केहि हुंदैन समय मात्र खेर जान्छ।

कुनै कार्य ठूँलो, धेरै समय लागउने हुन्छ त योजना उति ठूलो हुन्छ। एक पछि एक कसरी–कसरी के के काम गरिने, बेला योजनानुसार लेख्नु पर्छ। योजनामा लागउने श्रमशक्ति, संसाधन, धन र पूर्ण सयमको अनुमान गरिन्छ। श्रमशक्ति जुटाउनुका लागि सम्पर्क गर्नु पर्छ। कुशल करिगर, परिश्रमी मजदूर तथा यीनीहरू सित समयमा सही काम लिने कुशल नेतृत्व (लीडर) चाहिन्छ। समय–समयमा कार्यको प्रगति को समीक्षा गरीन्छ। जसमा कार्य समयानुसार हुंदै गरको, जाति मात्रामा  काम पूरा हुन चाहिन्थ्यो, उति या उसभन्दा धेरै भऐकोको जांच हुनु पर्छ। सही कार्य चर्को गतिले हुन्छ अनि कार्यको गुणबत्ता पनि राम्रो हुन्छ भने कार्य प्रगति उत्तम हुन्छ।

अबकुरा गरौ आफ्नो  शाखाको, कार्य, बैठक, वार्षिक अधिवेशनको साथै समयमा लेखा जांच (आडिट) र वार्षिक अधिवेशन पूरा गर्ने कुरा। शाखाको रोकड़ बहीलाई महिनामा एक पठक लेख्नु पर्छ, कुनै प्रकारको आय–सदस्यता शुल्क वा अन्य मदको पैसा लेखेर कागज कैश बुकमा राख्नु पर्छ, त्यसै व्यय गरे विवरण भुगतान पर्ची/ खर्चा कैशये यो सित रोकड़ बही मा राख्नु पर्छ। महिना भरिको आय–व्यय लेखेको शीटमा महिनाको विवरण पूरा हुदा रोकड़ बही लेखी हालनु पर्छ। 31 दिसम्बर सम्मको रोकड़ बही जनवरीमा पूरा गरेर वर्षको आय–व्यय विवरण को महिनावार विवरण बनाएर रोकड़ बही सित सही मिलान गर्नु पर्छ। सही मिलान गर्दा–कैश बुक मा आय र व्ययको योग तथा 31 दिसम्बर को दिन शेष नकद राशि एक हुन पर्छ तब रोकड बही सही हुन्छ। अब आडिट को लागि पठाउंदा/जै जांदा जम्मै आय को प्राप्ति पर्ची र व्यय को भुगतान पर्ची (जम्मै)  यौटै न्यौटै टेगमा गांसेर, कैश बुक, रंगको शाखाको रसीद बुक सित लगनु पर्छ। शाखा कोषाध्यक्ष र अध्यक्षको तालमेल ले शाखाको आय–व्यय को सही लेखा हुन चाहिन्छ।

त्यसै गरि आजीवन सदस्यता रजिस्टर सदस्यता आवेदन पत्रमा लेखेको विवरण सित लेखेर शुरू गर्ने र आजीवन सदस्यतालाई केन्द्र बाट प्राप्त प्राप्त भए पछि आ.स. संख्या र प्राप्ति तारीख र आवेदनलाई दिएको तारीख लेखेर पूरा गर्ने चाहिन्छ। एक पटक आँख बाट जरूरी कागज ओझेक हुन्छ त्यो गुभ हुन्छ। जुआफदारी हुन्छ शाखाध्यक्षको! शाखाध्यक्षले मीठो व्यवहारले कार्यकारिणी सित सहयोग मांगनु पर्छ ताकि काम समयामा सही र बूरा होस। राम्रो सम्पर्क बनाउनु कार्यको सफलता को लागि राम्रो गुण हो। शाखा बैठक/अधिवेशन तथा सदस्यहरूलाई सूचना/सभा पत्रिका पठाउनुका लागि सम्पर्क गुण हुन अति आवश्यक छ। शाखाध्यक्ष द्वारा कार्यकारिणी र सदस्यहरू सित तरुन्त र राम्रो सम्पर्क साघाउनु या सफलता प्राप्त हुन्छ। केन्द्रमा हुने अधिवेशन/समारोहमा सदस्यहरू धेरै संख्यामा लगनु पर्छ, शाखाध्यक्षको राम्रो सम्पर्कले यसमा सफलता पाडंछ।

आपदामा चदा जम्मा गरेर केन्द्रमा पुग्राउनु, सभा पत्रिकाको लागि वार्षिक अग्रीम मूल्य जमा गरेर केन्द्रमा जमा गराउनु, महिनामा सभा पत्रिका केन्द्रबाट लिएर सदस्यहरू लाई बांटनु। यस कार्यमा केहि शाखाध्यक्षहरू असफल गएका छन आपदामा सहायता न दिनु, सभा पत्रिका केन्द्रबाट नलिनु ले शाखाकार्य प्रति उनीहरूको असफलता ले निष्क्रियता देखउँछ धेरै (सबै) शाखाध्यक्षहरूले उपरोक्त दुबै कार्यमा सक्रियता, सम्पर्क, सहयोगले काम पूरा गर्नु चाहिन्छ। राम्रो सम्पर्क ले सहयोग लिनु पर्छ यसमा बढाना निङ्क हुन चाहिन्न। केन्द्रको प्रगति हुन्छ शाखाहरूको पूर्ण सहयोगले। शाखा/गाँउका धनी र सामर्थ्यवान सदस्यहरूले अधि आएर सहयोग दिनु पर्छ। आखिर सुचार सभा हामी सबैको हो। अर्कोतिर पन्छेरा बस्नुले हानि नै हुन्छ। शाखाको राम्रो नाउंमा तपाईहरूको नाउं सामेल रहन्छ।

**जे.वी. ठकुरी**

# निति कथा

धेरै समय पूर्व यौटा गाउमा चार मित्र बास गर्द थिये। तीनीहरूबाट तीन जना सारै विद्वान र जानकार थिए तर सामान्य बुद्धिको तीनीहरूमा अभाव थियो। चौथा मित्र विद्वान थिएन तर सामान्य बुद्धिले काम लिन्थ्यो। तीन–तीन विद्वान मित्रहरू जागीर खोजनु टाडा को यात्रा गरि शहरतिर जानु लागे। आफ्नो चौथा मित्रलाई संगमा लिनु मानेन न किन कि उ विद्वान थियेन। फेरि पनि लै जानु स्वीकार गरे, उनीहरूको वालखपन को साथी थियो। यात्रा गर्दा एक शहर बाट अर्को शहरको लामो यात्रा गर्नु लागे। यीनीहरू एक ठूलो अवसर खोज्दै थिये धेरै धन कमाउन निम्ति। एक पटक तीनीहरू यौटा बाक्लो वन को बीच बाट जांदै थिये कि यौटा रूखको मुनि हड्डीको थाक देखा पग्रो। मित्रहरू बाटएयौटा ले थाक हेरेर भन्यो अब हाम्रो ज्ञानको परीक्षा लिने अवसर आएको छ। यी हड्डीहरू यौटा बाघका हुन, हामीहरूले बाघमा प्राण हालनु चाहिन्छ। तब उसले सबै हड्डीहरू जोडे र यौटा बाघको ढांचा खड़ा गरि दियो र केहि मंत्रको उच्चारण गग्रो। अर्को विद्वानले मंत्र पढ्यो र त्यस ढोचामा छाला, मासु र रगत भरियो। त्यो सांचै को बाघ देखिन्ययो। अब तेस्रो विद्वानले अंतिम क्रिया गरेर त्यसमा प्राण हाल्नु उठ्यो। जस्तै उसले मंत्र पढनु थाल्यो चौथा मित्र चिच्यायो, परखी यस्तै काम न गर, यदि त्यस पशुमा प्राण आयो भने हामी हरूको लागि खतरनाख हुने छ। तीनै मित्र हरूले भने तं मुर्ख चुपलाग। तइले विद्वानहरूको क्षेत्रको कुरा के जान्दछस। तं आफ्नो मुखबंद राख। अलिबेर तीनीहरू पर्ख भन्यो र तुरूतै यौटा छेउको रूख माथि चढ़ी हाल्यो। उसका तीनै मित्र हांसे। उनीहरूले निर्जीव ढाचामा प्राण हाली दिये। जस्तै त्यो भारी ढांचामा प्राण आएर जीवित भयो जोरले गरज्यो र तीनै विद्वानहरूको मासु खाएर तेहां बाट अल्पियो।

**शिक्षा** – सामान्य बुद्धि को बेगर ज्ञान व्यर्थ हुन्छ।

**जे.वी. ठकुरी**

# समाजसेवक र कलाकार मित्रसेन

(इन्द्रबहादुर राईज्यू 1978 मा अखिल भारतीय नेपाली भाषा समितिका अध्यक्षको हैसियतले पश्चिमाचलको दौड़ाहा गदै भाग्सू आउनुभएका थियो। तोतारानी गाउंमा स्व.मित्रसेनको घरमा पुगी यहा राखिका पाण्डुलिपिहरू सर्ब हैरी उंहाले दी प्रकाशित गर्ने सल्लाह दिनुभएको थियो। साहित्य अकादेमी दिल्ली,– का उहां कार्यकारी सदस्य हुंदा उहाले आदिमीबाट श्री मगन पथिकलिखित 'मित्रसेन' पुस्तको प्रकाशनको व्यवस्था गरिदिनुभयो थियो। साहित्यलेखन निम्ति राईज्यूले सन् 19777 मा 'साहितय अकादेमी पुरस्कार' उहांको कृति 'नेपाली उपान्यासका आधार' सं. 2052 मा 'जगदम्बाश्री पुरस्कार' प्रदान गरिएको छ।

1935–45 को दार्जिलिडमा देख्थें:'बाजा दोकान' मा नेपाली गीतको रेकर्ड किन्न आउनेलाई दोकानेलेपूरै रेकर्ड फोनेग्राफमा बाजाएर सुनाइदिन्थे। गीत बज्दाबज्दै दोकान अघि सानोतिन भीड़नै जममा हुन्थ्यो। गललल, गललल हांस्थे पनि तिनीहरू मित्रसेनको रेकर्ड सुन्दा।

मित्रसेन औधी लोकप्रिय भारतभरि जहांजहां नेपालीहरूले बसोबास गर्थे। भाग्सूदेखि इम्फालतक दार्जिलिडदेखि मुम्बई सम्म। त्यस बेला उनलाई हामी चिन्थ्यौ। रेकर्ड गरिएका नेपाली नाटकहरूका नाटायारको रूपमा। पछि थाहा पायौं उनी मित्रसेन ता नेपाली व गोर्खाली जातिका एक महान् सेवक रहेछन्, एक योग्य सपूत रहेछन्, र भारतीय नेपाली जातिका एक निर्माता रहेछन्।

प्रथम महायुद्धपछिको बेला भारतमा गोर्खाली वा नेपाली जातीय चेतना जुर्मुरिएर उठेको र बढ़ेको बेला थियो। जागृतिका भारतीय नेपाली मानचित्रमा देहरादूनलाई बढ़ाएर राखिदिए ठाकुर चन्दनसिंहले, दार्जिलिंडलाई बड़ाएर राखिदिए हरिप्रसाद प्रधान आदिले, आसालाई राखिदिए मणिसिंह गुरूडले, बनारसलाई राखिदिए सूर्यवि म ज्ञवाली आदि ले। जागरणको त्यस मानचित्रमा भाग्सूलाई बसाइदिए मित्रसेनले। पछि कालता ता शूरवीरता, जानोवा र संगीतमा भाग्सूका समर्थ गोर्खा सन्तान अझ अरू पनि आए।

पुर्खाहरू नेपाल छंदा एक सोक–सोक भेक बाँचेका थिए। भारतमा आएर यहां रहंदा भने पछिका कतिले सप्रने बुद्धि लिए, कतिले बिग्रने मति समाते। भड़खालोमा परेका, अरूलाई पनि तान्नलागेका हाम्रा मानिसहरूलाई बचाएर गोर्खाली समाज र जातिलाई बचाउनु पर्ने समयको आवश्यकता देखे मित्रसेनले। गर्नुपर्ने यो काम देखने अरू पनि थिएनैं हुन तर तिनीहरूलाई हेरिरहे मात्र। कामदाम मिल्काइराखेर समाज र जातिको सुधार र उन्नतिको लागि आफू र आ नो परिवारलाई देखदै विपदपूर्ण भविष्यतिर दृढ़तापूर्वक बढ़ाउने मित्रसेन सांच्चै साहसी व्यक्ति थिए, कर्तव्यकर्मका महान् साहसी

गोर्खाली भन्नेहरूको बुद्धि कैले आउंदैन, यिनीहरूलाई ठीक बाटोमा हिंड़ाउने कोशिश गर्नु व्यर्थ हरू अघि पनि थिए, ऐले पनि छन्। समाज र जातिको लागि केही लगरी आ नै निम्ति मात्र बांचेर मरै मित्रसेन आफनो निम्ति बांचेनन, समाज र जातिको निम्ति बांचे। आज हामी जे जाति हाँला त्यसमा निश्चयतः मित्रसेनको योगदान छ, त्यागदान छ।

मित्रसेनका कार्य र कृतिहरू हेर्दा देख्छौः उनीभित्र समाजसेवक र कलाकार दृढ़ व्यक्तित्व छन् तर उनी कुनै एउटा पहिलो र अर्को पछि छैन्न। समाजसेवक भएकोले डुल्दै कलाकार हनुपुगेका कलाकार भएकोले डुल्दै समाजसेवक हुनपुगेमा थिएनन्। दुई व्यक्तितव उनमा हारा–हारी सक्रिय समाजसेवा कि कलासाध्ना? – संशयको दोबाटोमा उनी कैले उभिएनन्। दुई लक्ष्यलाई मिलाएर तुल्याएर बढ़े को कार्य र कृति छ उनको, उल्यालो सफलता छ उनको।

जनसाधारणलाई सचेत र जागृत बनाउनुरोको हुंदा जनसाधारणले

बुझ्ने र मीठा मान्ने नेपाजी ज्याउरेमा उनले आपना गीतहरू रचे, गाए। पछि धार्मिक भजनहरू रचे, फैलाए। गीतबाट जनसाधारणका कति नकारात्मक आलोचना मात्र नगरी भजनबाट सकारात्मक प्रदर्शन पनि गर्नु उनले अनिवार्य समझे।
जनसेवक मित्रसेन इतिहास बने, भारतीय नेपाली जातिको इतिहासको एक उज्ज्वल अध्याय। मित्रसेन संधै जीवित छन् हामीलाई, उनका गीत, भजन, नाटक लेख र दैनिकीमा।

महान् अवतारहरू हुन्छन। महान् कार्यका निम्ति पृथिवीमा अवतीर्ण भएका। हामी साधारण जन साना–साना अवतारहरूनै हौं, परमात्माबाटै यहां आएका, कुनै सुकार्यको निम्ति। जन्मेको सार्थक त्यो कार्य कुन हो, प्रत्येक हामीले आ नो निम्ति आफैले खोजेर चिन्न सक्नु पर्छ। अनेकौं हामी हाम्रो दिनको कार्य नचिनी, न नगरी, त्यसै बित्छौं। रामायणमा हनुमानले धरि आ नो अवतार–कार्य चिनेका । सीताको खोजमा विशाल विकराल समुद्रसमेत नाघेर जानुपर्दा आम्बवान्‌ले हनुमानलाई बताइदिन्छन्ः

**राम्‌को काम निमित्ति मात्र हनुमन्।**
**यो जन्म लीन्दा भयौ। (भनभक्त)**
**धन्य हुन् हनुमान जसले आ नो जीवनको**
**कार्य चिन्नपाए अनि गर्न सके।**
**धन्य हुन् हाम्रा मित्रसेन जसले आपनो**
**नेपाली जीवनको कार्य चिने अनि गरेर गए।**

**सामार : भाक्ससु वाणी**

# ताली होइन थप्पड़ी बजाएको दिन

**बोलीचालीको भाशामा मात्र होइन हिजआज हाम्रा अधिकांश पत्र–पत्रिकाहरूमा पनि ''सुनिन्दैन'' बरू ''सुत्रमा आउँछ'', ''देखिँदैन'' बरू ''देख्नमा आउँछ''। सुन्दा–पढ्दा बड़ो खल्लो लाघने यी वाक्यांशहरूको प्रयोग किन भइरहेको छ बुझ्न सकिएन**

**''आप सब थप्पड़ी बजाएर....''**

गत वर्ष एउटा समारोहमा एउटी उद्‌घेषिका मित्रले यसरी भनेकी थिइन्। 2003 सालको दशैको लगत्तैपछि नियोक्ताले हामीलाई सिलगढ़ीमा भेला हुने निर्देश दिएको थियो अर्थ मन्त्रालय अन्तर्गत एउटा संसदीय टोली असम भएर दार्जीलिङ र सिक्किमको भ्रमणमा आउँदै थियो र उक्त टोलीलाई दार्जीलिङमा ''एस्कर्ट'' गर्ने जिम्मा हाम्रो थियो। संसदीय टोलीलाई गुजरातका भूतपूर्व मुख्यमन्त्री तथा काङ्ग्रेसी नेता शंखर सिंह बाघेलाले नेतृत्व गरिरहेका थिए। टोलीमा वर्तमान केन्द्रीय गृहराज्य मन्त्री श्रीप्रकाश जयसवाल पनि थिए। भ्रमणको अन्तिम दिन टोलीको मनोर जनार्थ दार्जीलिङको सिन्क्लेयर होटलमा एउटा सांस्कृतिक कार्य म आयोजन गरिएको थियो। दार्जीलिङका स्थानीय कलाकारहरूद्वारा प्रस्तुत रोचक लोक–कार्य मलाई स चालन गरिरहेकी थिइन् हाम्रै एक सहकर्मीले। टोलीमा उ ार र दक्षिण भारतका सांसद पनि भएको कारणले अङ्ग्रेजी उद्‌घोषणासित हिन्दी भाषामा पनि उद्‌घोषण गर्न हिन्दी क्षेत्रका सांसदहरूले अनुग्रह गर्दा उद्‌घोषिकाले यसो भनेकी थिइन्। पछि थप्पड़ीको हिन्दी अर्थ बताउँदै ''ताली बजाइए'' भन्दा समारोह–कक्षमा हँसाइको मूल फुटेको थियो। त्यसो त उद्‌घोषिका मित्रको भनाइमा खासै ठूलो दर्शन लुकेको छैन तर हाम्रा सभा–समारोह अनि लेखाइबाट धरि यो अति आ नो लाग्ने शब्द ''थप्पड़ी'' हराइसकेको बेला यसरी हिन्दी वाक्यमा मिसिएर आउँदा त्यसबेला मेरो मन अनायसै एकाप्रकारले रोमाच्चित भएँ। मित्र उद्‌घोषकहरूले भनेका ''ताली बजाइदिनुहोस्'' वाक्यप्रति मैले असन्तोष प्रकट गरेको थिएँ र ''ताली'' शब्दको साटो आ नै लाग्ने शब्द ''थप्पड़ी'' धेर कर्णप्रिय रहेको कारण यही शब्द प्रयोग गर्ने उदघोषक मित्रहरूलाई असफल आग्रह गरेको थिएँ। त्यस दिनको समारोहमा मैले अनुग्रह नै नगरी यसरी ''थप्पड़ी'' शब्दको प्रयोग हुँदा मलाई अलिक आनन्द लागेको मात्र हो।

नेपाली भाषा मीठो छ हामी भन्छौं। साँच्चै हामी नेपाली भाषीको निम्ति अति नै मीठो छ साथै यो भाषा मीठोसित अति सजिलो पनि छ। तर..... . सजिलो किन छ भने बोल्दै जाँदा अथवा लेख्दै जाँदा माझमा कतै कुनै ''शब्द'' याद आएन भने अथवा सही नेपाली शब्द छैन वा भे इएन भने त्यो ठाउँमा त्यसबेला झ याद आउने हिन्दी, उड़िया, फारसी, अरब, असमी कि त अङ्गेजी भाषाकै शब्द प्रयोग गरे पनि केही बिग्रिन्न बरू उल्टै ठया मिल्न जान्छ र नयाँ शब्दका निर्माणकर्ता बन्ने सौभाग्य प्राप्त हुन्छ किनभने आकस्मात अथवा बाध्यतामा प्रयोग गरिएको यस्ता शब्दका निर्माणकर्ता सौभाग्य प्राप्त हुन्छ किनभने आकस्मात अथवा बाध्यतामा प्रयोग गरिएको यस्ता शब्दलाई निरन्तर प्रयोग गरिरहे केही समयपछि त्यो शब्द स्वतः नेपाली शब्द बन्छ। सौभग्यको कुरा हो हाम्रो नेपाली भाषामा यो सुविधा छ र यो सुविधको हामीहरूले सकेसम्म प्रयोग

गरिरहेका छौं। हिन्दी, ब   ला आदि भाषासित नेपाली भाषाको नजीकको सम्बन्ध भएको कारणले गर्दा यी भाषाहरूको शब्द प्रयोग गर्दा झन् नेपाली भाषालाई असर परेको सुइँको घरि पाइन्न। त्यसैकारण टीभी च्यानलमा प्रदर्शित कार्य   म र हिन्दी भाषीद्वारा उद्घोषणा गरिने नेपाली कार्य   महरूमा प्रयोग ''ताली'' शब्दको अनुकरण गर्ने हुँदा नेपाली भाषीकै मुखबाट पनि हिजआज ''थप्पड़ी'' शब्द लोप हुदै जाँदैछ भने अर्कोतिर ठीक शब्द अझ बेसी ठीक हुँदै हिजआज ''सठीक'' बनिसकेको छ। ''ठीक'' शब्दको प्रयोगले नै सबै ''ठिक'' भएको बुझाउँछ भने ''सठीक'' शब्दको प्रयोग अन्धानुकरण मात्र लाग्छ। बोलीचालीको भाषामा मात्र होइन हिजआज हाम्रा अधिकांश पत्र–पत्रिकाहरूमा पनि ''सुनिन्दैन'' बरू ''सुत्रमा आउँछ'', ''देखिँदैन'' बरू ''देख्नमा आउँछ''। सुन्दा–पढ़दा् बड़ो खल्लो लाग्ने यी वाक्यांशहरूको प्रयोग किन भइरहेको छ बुझन सकिएन। ''.....यो हल्ला सुन्नमा आएको छ''–लाई ''.....यो हल्ला सुनिन्दैछ'' भन्दा कतै केही बिग्रिएको झैं मलाई त पट    लाग्दैन। ''फलानाकी स्त्री'' अर्थात् ''फलानाकी स्वास्नी''–''स्त्री'' शब्दको प्रयोग अथवा दुरूप्रयोग पनि नेपाली भाषामा यसरी नै भएको एक दुइ घटनाहरू छन्। व्याहिते वा व्याहिते आइमाईहरूलाई अथवा कसैकी स्वास्नी बुझाउने नेपाली भाषामा ''स्त्री'' शब्द बड़ो अप्ठयारो लाग्छ। नेपाली भाषामा शब्द हुँदा–हुदै पनि यस्ता अप्ठयारो शब्दहरूको प्रयोगले भाषालाई उकालो लाँदै छ कि  ओ   ालो थाहा छैन तर ''किवा'', ''म्याच ढाँट'', ''छिन्ताई'', ''गण धुलाई'' जस्ता शब्दहरूले मनलाई अवश्य नै बिझाउँछन्। मेरो सानो मगजले बुझ्न नसकेका अर्का शब्दहरू हुन् ''माता–पिता'' र ''पति–पत्नी''। आमा–बाबा अथवा बुबा–मुमा शब्दको प्रयोगले यो साइनोलाई तिरष्कार गरेको बुझिन्छ भनेर हो अथवा ''माता–पिता'' शब्दको प्रयोगले भाषा भाषा विकसित भएको बुझाउँछ भनेर हो हाम्रो समाजबाट मुमा–बुबा–आमा–बाबा बिस्तारै हराउँदै जाँदैछन् र त्यसको साटो ''माता–पिता'' ले त्यो सीान लिइरहेका छन्। र त्यस्तै आँटिलाहरूले मात्र प्रयोग गर्दैछन् नत्र भने ''लोग्ने–स्वास्नी'' बुझाउनु अब त अझै सम्मानजनक शब्द ''पति–पत्नी'' को निर्ध    प्रयोग भइरहेको छ। धेरजसो हामीले दशैं र तिहारको साटो दशहरा र दीपावली मनाउन हामी शान सम्झन्दौं। प्रत्येक भाषामा अन्य भाषाको प्रभाव हुन्छ नै र देश–काल अनुसार यताका शब्द उता र उताका शब्द यता प्रयोग हुनु नौला घटना पनि होइन अनि अस्वाभाविक पनि होइन। नेपाली भाषामा पनि फारसी, अरबी, संस्कृतआदि जस्ता अनेकौं भाषाको प्रभाव छ र यी भाषाहरूका अनगन्ती शब्दहरू नेपाली भाषामा चलाइन्छन्। अर्को भाषाको शब्द प्रयोग गर्ने पहल नराम्रो होइन। चाहिएको बेला अर्का भाषावाट शब्द सापटी लिदा नेपाली भाषा मर्दैन किनभने नेपाली भाषा मर्दैन किनभने नेपाली भाषा यति मर   च्यासे छेन। तर मौलिक वा आ   नोपन बुझाउने शब्द आ   नै भाषामा छँदै–छेन भने समयानुकूल शब्दको अविष्कार जरूरी छ र यस्ता शब्द अन्य भाषाबाट सापटी नै लिन परे पनि पहिले नेपाली भाषिक जाति समूहकै भाषालाई कोटयाउनु जरूरी छ। नेपाली भाषीक समुदायमा राई–लिम्बु, तामङ.,गुरूङ.,लेप्चा, सुनुवार जस्ता अनेंकौं भाषा भएको कारणले नेपाली भायामा न भएका–नपाइले–सही अर्थ बुझाउने सही शब्दहरू यी सा–साना भाषामा अवश्यै पाइएला त्यसैकारण शब्द सापटी लिन परे पहिले टाड़ाका भगवानतिर नदगुरेर नजीकको भूतहरूसित नै लेनदेन गरे असल होला। यो स्तम्भमार्फत म के भन्नु चाहन्छु भने नेपाली भाषा र साहित्यसित सम्बद्ध सङ्घ–संस्था जस्तै नेपाली साहित्य अध्ययन समिति, कालेबुङ., नेपाली साहित्य सम्मेलन, दार्जीलिङ.,गोर्खा जन पुस्तकालय, खरसाङ.,नेपाली साहित्य परिषद्–सिक्किम, असम गोर्खा सम्मेलन आदि सङ्घ–संस्थाहरूले राई, लिम्बु, गुरूङ. आदि समूहका भाषा– संस्थासित मिलेर भाषा– ज्ञाताहरू पनि नेपाली भाषा संस्थाहरूसित मिलेर भषा विषयमा उत्तरोत्रर काम गर्ने। नेपाली भाषाप्रेमीहरूले पनि यो दिशामा पहल गर्ने र शब्द निर्माणमा सकारात्मक प्रयास गर्ने।

पन्यालो पदार्थ वा धुँवा आउने वस्तु अथवा नचपाई निलेर भोग गर्ने आहार खाने क्रियालाई व्याकरणसम्मत भन्नुपर्दा ''पिउनु'' भनिन्छ भन्ने तर्क हिन्दी र अङ्.ग्रेजीमा जति नै जायज ठहरिए पनि आजसम्म कुनै बंगाली भद्रलोकले व्याकरणको निम्ति चिया खानुलाई ''चा पिबो'' भनेको ''सुन्नमा आएको '' छैन। नेपाली भाषीले त सिग्रेट पिएकोभन्दा सिग्रेट पिएकोभन्दा सिग्रेट खाएको नै राम्रो होला तर सिग्रेट चाहि ''पिउनु'' अनि ''खानु'' दुवै स्वास्थ्यको निम्ति हानिकारक नै हो। नेपाली समाजले मेरो भनाइलाई कति सकारात्मक दृष्टिकोणले ग्रहण गर्लान् त्यो त आउँदा दिनले बताउला तर दार्जीलिङ. सिन्क्लेयर होटेलमा त्यस दिन आयेजित सांस्कृतिक कार्य  ममा आ  नो धन्यवाद ज्ञापनमा श  रसिंह बाघेलाले उद्घोषिका मित्रतिर हेर्दै अन्तमा भनेका थिए ''अब हम सग लोग थप्पड़ी बजाएंगे।

**मेरो सानो मगजले बुझ्न नसकेका अर्का भाब्दहरू हुन् ''माता–पिता'' र ''पति–पत्नी''। आमा–बाबा अथवा बुवा मुमा भाब्दको प्रयोगले यो साइनोलाई तिरश्कार गरेको बुझिन्छ भनेर हो अथवा ''माता–पिता'' भाब्दको प्रयोगले भाशा विकसित भएको बुझाउँछ भनेर हो हाम्रो समाजबाट मुमा–बुवा–आमा–बाबा बिस्तारै जाँदैछन् र त्यसको साटो ''माता–पिता'' ले त्यो स्थान लिइरहेका छन्।**

## छिङ्करवाला शाखाको वार्षिक अधिवेशनमा छात्रवृत्ति प्रदान



## नेपाली भाषा पाठ्यक्रम प्रारम्भ



# यूओयू में नेपाली भाषा पाठ्यक्रम इसी सत्र से

हल्द्वानी | कार्यालय संवाददाता

उत्तराखंड मुक्त विवि में नेपाली भाषा में पाठ्यक्रम इसी सत्र से शुरू होगा। इस संबंध में विशेषज्ञ समिति के प्रस्ताव को अध्ययन समिति ने मंजूरी दे दी है।

यूओयू में नेपाली भाषा पाठ्यक्रम संचालित करने को बीती आठ मार्च को विशेषज्ञ समिति की बैठक हुई थी। इसमें प्रस्ताव बना था कि नेपाली भाषा में छह माह का सर्टिफिकेट और एक साल का डिप्लोमा कार्यक्रम शुरू किया जा सकता है। विश्वविद्यालय अनुदान आयोग के मानकों के तहत पाठ्यक्रम 28 क्रेडिट का होगा। इसमें प्रवेश लेने वाले विद्यार्थियों को 12वीं पास होना जरूरी होगा। गुरुवार को यूओयू की मानविकी विद्याशाखा की ओर से क्षेत्रीय भाषा के तहत नेपाली भाषा पाठ्यक्रम संचालित करने को निदेशक प्रो.एचपी शुक्ल की अध्यक्षता में अध्ययन समिति की वर्चुअल बैठक हुई। इस दौरान समिति की ओर से तैयार पाठ्यवस्तु के प्रस्ताव को सहमति दी गई।

**क्षेत्रीय भाषाओं को मिलेगा बढ़ावा**

कार्यक्रम समन्वयक डॉ.राकेश रयाल ने कहा कि कुलपति प्रो .ओपीएस नेगी मानते हैं कि क्षेत्रीय भाषाओं को बढ़ावा मिलना चाहिए। नेपाल हमारा पड़ोसी देश है। उससे रोटी–बेटी का संबंध भी है। ऐसे में नेपाली हमारे लिए क्षेत्रीय भाषा से कम नहीं है।

## केन्द्र तथा शाखाहरुमा आदिकवि भानुभक्त आचार्यको जन्मदिनको अवसरमा आयोजन





## चंद्रबनी शाखाको वार्षिक अधिवेशन र छात्रवृत्ति वितरण



## जाखन शाखाको वार्षिक अधिवेशन र छात्रवृत्ति वितरण



# गोर्खाली सुधार सभाको 83 औं स्थापना दिवसको केही झलकीहरू






## ठाकुरपुर शाखाको वार्षिक अधिवेशन र छात्रवृत्ति वितरण





## सेवली शाखाको वार्षिक अधिवेशन र छात्रवृत्ति वितरण

